# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नम्बर :

**सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना**
**(प्रथम पटक प्रकाशित मितिः २०८१/०५/२८)**

प्रस्तुत विषयमा यस मालारानी गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुको लागि देहायको पद, तह र संख्यामा कर्मचारी सेवा करारबाट पदपूर्ति गर्नुपर्ने भएकोले देहायको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र माग भए बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित कार्यालय समयभित्र गाउँकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ। कागजातहरु संलग्न नभई पेश हुन आएको दरखास्त उपर कुनै कारवाही हुने छैन।

| क्र.सं. | विज्ञापन नं. | पद / सेवा / समुह/तह | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ०२।२०८१-०८२ | अ.हे.व./स्वास्थ्य/हे.ई./चौथो | २ (दुइ) | संघीय सशर्तबाट सेवा सुविधा प्राप्त गर्ने गरी |
| २ | ०३।२०८१-०८२ | अ.न.मी./स्वास्थ्य/क.न./चौथो | १ (एक) | संघीय सशर्तबाट सेवा सुविधा प्राप्त गर्ने गरी |
| ३ | ०४।२०८१-०८२ | अ.हे.व./स्वास्थ्य/हे.ई./चौथो | १ (एक) | गाउँपालिकाले तोकेबमोजिम सेवा सुविधा प्राप्त गर्ने गरी |
| ४ | ०५।२०८१-०८२ | अ.न.मी./स्वास्थ्य/क.न./चौथो | १ (एक) | गाउँपालिकाले तोकेबमोजिम सेवा सुविधा प्राप्त गर्ने गरी |

१. आवश्यक न्युनतम योग्यताः-

क) अ.हे.व. पदको लगि मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सि.एम.ए कोर्ष उत्तिर्ण।

ख) अ.न.मी. पदको लगि मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उत्तिर्ण।

ग) नेपाली नागरिक

घ) दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने।

ङ) अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको।

**२.दरखास्त दिने स्थानः-** मालारानी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, खनदह अर्घाखाँची।

**३. दरखास्त दिने अन्तिम मितिः-** २०८१/०६/११ गते कार्यालय समयभित्र ( सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट)

**४. आवेदन दस्तुरः-** रु ५००।-

**५. छनौटको किसिमः-** लिखित र अन्तर्वार्ता परीक्षा।

**६. परीक्षा पाठ्यक्रमः** - प्रदेश लोकसेवा आयोग, लुम्बिनी प्रदेशले तयार पारेको सम्बन्धित पद, सेवा, समुह र तह (स्थानीय तह ) को पाठ्यक्रम बमोजिम हुनेछ।

**७. दरखास्त फारामः-** कार्यालयको वेवसाईट www.malaranimun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

८. आवेदन साथ संलग्न गर्नुपर्ने **कागजातहरु-** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरुको प्रतिलिपीहरुः

| | |
|---|---|
| • नेपाली नागरिकताको प्रमाणपत्र | • न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र |
| • चारित्रिक प्रमाणपत्र | • अनुभव भए सोको प्रमाणित कागजात |
| • दुई प्रति पासपोर्ट साईजको फोटो | • सम्बन्धित व्यवसायी परिषदमा दर्ता भएको प्रमाणपत्र |

**९. सेवा सुविधाः-** स्वास्थ्य चौकीको दरवन्दीको पदमा सम्बन्धित पदको लागि नेपाल सरकारले तोकेबमोजिम र आधारभुत स्वास्थ्य सेवा केन्द्रको दरवन्दीको पदमा गाउँपालिकाले तोकेबमोजिम हुनेछ।

**१०. सम्पर्क मितिः-** २०८१/०६/१३ गते।

**११. परीक्षा मितिः-** सम्पर्क मिति पछि तोकिनेछ ।

**थप जानकारीको लागि सम्पर्क नं.** ९८५७०६६४३२, ९८६०२१०९४४, ९८५७०६६७९५

०५/२८

अशर जि.सी.
(प्रमुख प्रशासकीय अधिकृत)